## गाउँ कार्यपालिकाको २८औं बैठकको निर्णय

### प्रस्ताव तथा निर्णयहरु:

१. कानून निर्माण सम्बन्धमा।
२. नगरप्रहरीको पोशाक सम्बन्धमा।
३. गाउँपालिकाको डिजिटल प्रोफाइल स्वीकृत गर्ने सम्बन्धमा।
४. स्वास्थ्य संस्था सम्बन्धमा।
५. ग्रामीण आँखा अस्पतालको सम्बन्धमा।
६. राष्ट्रिय परिचयपत्र वितरणको समयमा भएको खर्च भुक्तानी सम्बन्धमा।
७. विविध।

### निर्णय नं १.

रुन्टीगढी गाउँपालिकाको कार्यालयमा आबश्यक पर्ने कानून निर्माण, परिमार्जन तथा संशोधन गर्न सैद्धान्तिक स्वीकृति प्रदान गरिएका तपसिलका कार्यविधिहरु विस्तृत छलफलका लागि विधायन समितिमा पठाउने। तथा रुन्टीगढी गाउँपालिकाको गाउँ शिक्षा नियमावली, २०७४ खारेजी गरी नयाँ बनाउन सैद्धान्तिक स्वीकृति दिने।

तपसिलः

१ निजि बन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०

२ सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०

### निर्णय नं २

रुन्टीगढी गाउँपालिकामा कार्यरत नगरप्रहरीको पोशाक तथा दर्ज्यानि चिन्हका लागि देहाय बमोजिम हुने गरी तोक्ने।

तपसिल

१ बरिष्ठ नगरप्रहरी तथा नगरप्रहरी

क) पोशाकः हरियो रंगको युनिफर्मको चुस्ता (डाङ्री), एटलस छालाको बुट, हरियो क्याप र मौसम अनुसार हरियो स्वीटर तथा जाकेट हुने। शर्टको खल्तिको माथि दायाँतर्फ नेम प्लेट र बायातर्फ नगरप्रहरि लेखिएको साथै कुममा सिटिगार्ड जडित भएको हुनु पर्ने।

ख) दर्ज्यानि चिन्हःबरिष्ठ नगरप्रहरीको शर्टको कुमको बायाँतर्फ रुन्टीगढी गाउँपालिका लेखेको लोगो सहितको आमब्याच र बायाँ काँधमा पाँच कोणको तारा र नगरप्रहरीको लागि शर्टको कुमको फित्तामा प्रहरी जवानको रिवन हुनु पर्ने।

### निर्णय नं ३

रुन्टीगढी गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण भइसकेको हुँदा उक्त डिजिटल प्रोफाइललाई आगामी बैठकमा प्रस्तुत गर्ने गरी पेश गर्ने।

### निर्णय नं ४

रुन्टीगढी गाउँपालिकाको वडा नं ५ को सैबाङ बर्थिङ सेन्टरलाई सामुदायिक स्वास्थ्य इकाईमा परिवर्तन गर्ने गरी व्यवस्थापन समिति र वडाबाट सिफारिस समेतको आधारमा स्वास्थ्य शाखाबाट प्रस्ताव भइ आएकोले प्रस्ताव बमोजिम गर्ने ।

निर्णय नं ५

रुन्टीगढी गाउँपालिकामा होलेरी आँखा केन्द्र निर्माणका लागि नेपाल आँखा कार्यक्रम अन्तर्गत तिलगंगा आँखा अस्पताल र यस गाउँपालिका बीच मिति २०८०।०८।०५ मा भएको सम्झौता बमोजिम आँखा उपचार केन्द्र स्थापना गरी संझौता बमोजिम आबश्यक उपकरण तथा जनशक्तिको व्यवस्था गर्ने।

निर्णय नं ६

रुन्टीगढी गाउँपालिकामा राष्ट्रिय परिचयपत्र निर्माणका क्रममा वडाबाट खर्च गरी भुक्तानिका लागि सिफारिस भइ आए बमोजिमको तपसिलको खर्च विवरण तथा परिचय पत्रको टोलि तथा सामाग्रीहरु ढुवानि वापत भएको खर्च स्वीकृत गरी विविध शिर्षकबाट भुक्तानि दिने।

तपसिल

| वडा नं | खर्च रकम | कैफियत |
|---|---|---|
| वडा नं १ | रु. ५८,२००/- | |
| वडा नं २ | रु. १३,०००/- | |
| वडा नं ३ | रु. ५२,३५५/- | |
| वडा नं ४ | रु. ४५,५८०/- | |
| वडा नं ५ | रु. ७६,३७०/- | |
| वडा नं ६ | रु. ३५,६००/- | |
| वडा नं ७ | रु. ५६,३५०/- | |
| वडा नं ८ | रु. ३१,८००/- | |
| वडा नं ९ | रु. ४७,९१०/- | |
| ढुवानि | रु. ३०,०००/- | परिचयपत्रको टोलि तथा सामान ढुवानि |
| जम्मा रु | रु. ४,४७,१६५/- | |

निर्णय नं ७

रुन्टीगढी गाउँपालिकाकप खेलकुद तथा राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता आयोजना गर्ने सिलसिलामा वडा नं ६ को नेपाल राष्ट्रिय माध्यमिक विद्यालय डुब्रिङको फिल्ड मर्मत तथा सोहि वडामा रहेको काफ्लाचौर खेलकुद मैदान सरसफाई तथा मर्मत सुधारका लागि वडा नं ६ को कार्यलयबाट सिफारिस भई आए अनुसार प्राविधिक स्टिमेट अनुसार गरिएको कामको प्राविधिक मुल्याङ्कनका आधारमा मर्मत सम्भार कोषबाट भुक्तानि दिने।

निर्णय नं ८

रुन्टीगढी गाउँपालिकाको १५ औं गाउँसभा मिति २०८० पौष १३ गते शुक्रबार दिनको ११ बजे गाउँपालिकाको सभाहलमा आयोजना गर्ने ।

निर्णय नं ९

रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता र कमजोर आर्थिक अबस्थालाई मध्यनजर गर्दै त्यसरी

आर्थिक सहयोग माग गरि निवेदन दिएका तपसिलका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७९ बमोजिम र सामान्य विरामिहरुलाई अध्यक्षज्यूको तोकादेश अनुसारको आर्थिक सहयोग दिने।

तपसिलः

| क सं | नामथर | ठेगाना | समस्या | रकम |
|---|---|---|---|---|
| १ | खुम बहादुर पुरी | रुन्टीगढी ३ रोल्पा | मृगौलाको विरामी | रु.५०,०००/- |
| २ | दिलमाया महरा | रुन्टीगढी ९ रोल्पा | खुट्टा आगोले जलेको | रु.८,०००/- |
| ३ | गिरीराज पुन | रुन्टीगढी ३ रोल्पा | दुर्घटनामा परि खुट्टा काटेको | रु.२५,०००/ |
| ४ | पुर्ण बहादुर वि क | रुन्टीगढी ४ रोल्पा | खुट्टामा सर्पले टोकी संक्रमण भएको | रु.८,०००/- |

<u>निर्णय नं १०</u>

रेडियो सामुदायिक सुनछहरी एफ एमका व्यवस्थापक विरेन्द्र घर्तिले सुनछहरी एफ एम रेडियो संचालनका लागि ब्याट्रिहरु, व्यारिक्स, मिक्स्चर तथा युपियस जस्ता सामाग्री माग गरी निवेदन पेश गरेकोले पचास हजार बराबरको मागमा आधारित सामाग्री उपलब्ध गराउने।

<u>निर्णय नं ११</u>

रुन्टीगढी गाउँ कार्यपालिकाको मिति २०८०।०४।०९ को निर्णयबाट वडा नं ८ मा अस्थायी प्रहरी चौकी स्थापना गर्ने सम्बन्धमा भएको निर्णयानुसार सो वडाको कुर्जामा अस्थायी प्रहरी चौकी राख्न आबश्यक प्रक्रियाका लागि कार्य अगाडी बढाउने।

**<u>विद्युत प्राधिकरणको कार्यालय होलेरीमा कार्यरत कर्मचारीहरुको फेरबदल सम्बन्धमा मिति २०८०।०७।२२ को कार्यपालिका बैठकको निर्णय</u>**

**<u>निर्णय नं ४</u>**

रुन्टीगढी गाउँपालिकाको क्षेत्र हेर्ने गरी होलेरी बजारमा रहेको विद्युत कार्यालयबाट प्रभावकारी र सन्तोषजनक कार्यसम्पादन नभएको व्यापक जनगुनासो आउने गरेकोले उक्त कार्यालयमा कार्यरत कर्मचारीहरु फेरबदल गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन विद्युत कार्यालय रोल्पालाई अनुरोध गरी पठाउने।